प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## अनुदानमा कृषि कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/९/६

यस मन्त्रालय अन्तर्गतका निकायद्वारा आ.व. २०७५/७६ मा सञ्चालन गरिने तपशिल बमोजिमका कृषि कार्यक्रम सञ्चालनमा देहाय बमोजिमको अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा तपशिलको तालिकामा समावेश कार्यक्रमहरु मध्ये कुनै एक वा एक भन्दा बढी कार्यक्रम सञ्चालन गर्न ईच्छुक फर्म वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र देहाय अनुसारको कागजातहरु सहितको निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र सं | माग गर्न सकिने कृषि सम्बन्धि कार्यक्रमहरु | साझेदारी र उपलब्ध गराईने अनुदान रकम | आवेदन पेश गर्न सक्ने संस्था |
|---|---|---|---|
| १ | मूल्य श्रृंखलामा आधारित कृषि वस्तु उत्पादन परियोजना संचालन (सुन्तला, स्याउ, प्रांगारिक तरकारी,, अलैची, कफी, आलु, मकै, अदुवा, पुष्प खेतीको मूल्यश्रृंखलामा मात्र आवेदन पेश गर्न सकिने) | कम्तिमा १५ प्रतिशत पुंजीगत खर्चको साझेदारी तथा ५० प्रतिशत चालु खर्चको साझेदारी अनुदानग्राहीले बेहोर्नुपर्ने र अनुदान रकम बढीमा रु ५० लाख सम्म | ईच्छुक कृषक समूह वा कृषि सहकारी वा कृषि फार्म, कृषि कम्पनी /सम्बन्धित काममा लागेको विषयगत संस्था । |
| २ | प्रशोधन केन्द्र (अदुवा, अलैची, बेसार र कफि) तथा टिस्युकल्चर ल्याव स्थापना सहयोग कार्यक्रम | कम्तिमा ३० प्रतिशत खर्च साझेदारी अनुदानग्राहीले बेहोर्नुपर्ने र अनुदान रकम बढीमा रु ४० लाख सम्म | ईच्छुक कृषक समूह वा कृषि सहकारी वा कृषि फार्म, कृषि कम्पनी |
| ३ | प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे प्रवर्द्धन कार्यक्रम संचालन | कम्तिमा १५ प्रतिशतको खर्च साझेदारी अनुदानग्राहीले बेहोर्नुपर्ने र अनुदान बढीमा रु १० लाख सम्म | होमस्टे संचालन समिति/व्यवस्थापन समितिहरु/कृषि व्यवसायमा आवद्ध निजि क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्र वा कृषि पर्यटन व्यवसायी |
| ४ | प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम | कम्तिमा ५० प्रतिशतको खर्च साझेदारी अनुदानग्राहीले बेहोर्नुपर्ने र अनुदान रकम बढीमा रु ५० लाख सम्म | कृषि सहकारी/कृषि फार्म/ कम्पनी |
| ५ | प्राङ्गारिक मल वितरण सहयोग कार्यक्रम | रु. १२.५ प्रति के.जि. मल मा अनुदान | ईच्छुक कृषक/कृषक समूह /कृषि सहकारी/कृषि फार्म/कृषि कम्पनी |
| ६ | कृषि यान्त्रिकरण तथा ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम (कम्तिमा ५०० वर्ग मिटरको ग्रीन हाउस/ स्थायी प्लाष्टिक घर निर्माण गर्न ईच्छुक वा कम्तिमा १००० वर्ग मिटरको बांसको प्लाष्टिक घर निर्माण गर्नुपर्ने) | कम्तिमा ३० प्रतिशतको खर्च साझेदारी अनुदानग्राहीले बेहोर्नुपर्ने र अनुदान रकम बढीमा रु १० लाख सम्म | ईच्छुक कृषि सम्बन्धि फार्म, कम्पनी, समुह तथा सहकारी |

| क्र सं | माग गर्न सकिने कृषि सम्बन्धि कार्यक्रमहरु | साझेदारी र उपलब्ध गराईने अनुदान रकम | आवेदन पेश गर्न सक्ने संस्था |
|---|---|---|---|
| ७ | साना तथा आधुनिक सिंचाई कार्यक्रम | कम्तिमा १५ प्रतिशत खर्च साझेदारी अनुदानग्राहीले बेहोर्नुपर्ने र अनुदान बढीमा रु ३ लाख सम्म | ईच्छुक कृषि सम्बन्धि फार्म, कम्पनी, समुह तथा सहकारी |
| ८ | व्यवसायिक करार खेती प्रोत्साहन कार्यक्रम (सरकारी पर्ति, नदी, खोला किनाराका तथा विजुलीको हाईटेन्सन लाईन मुनी परेको प्रयोगमा नआएको खाली जमिनलाई व्यवसायिक कृषि कार्यमा प्रयोग गर्नका लागि मात्र) | कम्तिमा १५ प्रतिशत खर्च साझेदारी अनुदानग्राहीले बेहोर्नुपर्ने र बढीमा रु ५ लाख रुपैंया नगद वा सो रकम बराबरको बस्तुगत अनुदान | ईच्छुक कृषि सम्बन्धि फार्म, कम्पनी, समुह तथा सहकारी (सम्बन्धित स्थानीय तह वा वन उपभोक्ता संस्थासंग व्यवासयिक खेती गरिने जग्गाको करार नामा गरेको हुनु पर्नेछ ।) |
| ९ | बिभिन्न बालीका पकेट क्षेत्र प्रबर्द्धन सहयोग कार्यक्रम | कम्तिमा १५ प्रतिशत पुंजीजगत खर्चको साझेदारी तथा देखि ५० प्रतिशत चालु खर्चको साझेदारी अनुदानग्राहीले बेहोर्नुपर्ने र अनुदान बढीमा रु. ९ लाख ७२ हजारसम्म | ईच्छुक कृषक समूह वा कृषि सहकारी वा कृषि फार्म, कृषि कम्पनी |

**आवश्यक कागजपत्रहरु**

- कार्यविधीअनुसार कार्यक्रम सञ्चालन प्रस्तावना १ प्रति
- कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु ।
- कृषक समुह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि ।
- सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिसपत्र
- सम्बन्धित वडा कार्यालयमा कृषक वर्गिकरण फारम भरि सूचिकृत भएको प्रमाणको प्रतिलिपी ।
- जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तिमा १० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

**पुनश्चः** निवेदन र प्रस्ताव यस मन्त्रालयबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।निवेदन र कार्यक्रम माग सम्बन्धि प्रस्तावको ढांचा यस मन्त्रालयको वेभसाईट **molmac.p4.gov.np** बाट डाउनलोड गर्न सकिनेछ वा सम्बन्धित कृषि ज्ञान केन्द्रबाट पनि माग गर्न सकिनेछ ।


**थप जानकारीका लागि सम्पर्कः**

ज्योति क्षेत्री (कृषि अर्थ विज्ञ) : ९८५६०११६४९ वा राममाया कडरिया (प्रा.स.) : ९८४६०८३९३४

वा फोन नं: ०६१—४६७७३९

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश

कृषि विकास निर्देशनाल, पोखरा

कृषि ज्ञान केन्द्रहरु (गण्डकी प्रदेश)

Email- molmacprovince4@gmail.com